यस कार्यालयमा मिति २०५५/०४/२५ मा दर्ता भएको दर्ता नं. २६७३५८ को **समर इन्टरप्राइजेज प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०६/२७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### श्री गोरिल सा.ब.उ.स.परशुराम न.पा.२ बसौटी डडेल्धुराको काठ लिलाम सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७९ /६/२८**

यस सा.ब.उ.स.डडेल्धुराको निर्णय अनुसार यस सा.ब.क्षेत्रबाट संकलन भएको बन पैदावार मध्ये जिल्ला भित्रका अन्य समुहका उपभोक्ता समेतलाई बिक्री बितरण गरि बाँकी रहेको बन पैदावार ब्यपारीक प्रयौजनको लागी बिक्री बितरण गर्न सहमति माग भए अनुसार तपशिल बमोजिमको बन पैदावार ब्यपारीक प्रयोजनका लागी बिक्री बितरणका लागी यो सुचना आह्वान गरिएको छ ।
सल्ला प्रजातीको जम्मा गोलियाथान ११८ थानको परिणाम २०९०.४९ क्यु.फिट काठ जे जस्तो अबस्थामा छ आफ्नै खर्चमा उठाई लैजाने गरि शिलबन्दी बोलपत्र आह्वान गरिएको छ ।
इच्छुक ब्यक्ति,संघ संस्था,फर्म वा कम्पनीले सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागी यस सा.ब.उ.स.को कार्यालयको सुचना पाटिमा टांस गरिएको छ ।

# 'स्वास्थ्य सेवा आमजनताको मौलिक अधिकार'



**धनुषा/मस–** मधेस प्रदेशका प्रदेश प्रमुख हरिशङ्कर मिश्रले स्वास्थ्य सेवा आमजनताको मौलिक अधिकार भएको बताएका छन् ।

उनले गुणस्तरीय सेवा प्रदान गर्नका लागि सरकारी सेवामा कार्यरत चिकित्सकलाई विशेष आग्रह गरे ।

प्रदेश प्रमुख मिश्रले मधेस प्रदेशको समग्र स्वास्थ्यको अवस्थाका बारेमा प्रदेश स्वास्थ्य निर्देशनालयले बिहीबार जनकपुरधाममा आयोजना गरेको वार्षिक समीक्षा कार्यक्रममा सो धारणा व्यक्त गरेका हुन् ।

मधेस प्रदेशका नीति तथा योजना आयोगका उपाध्यक्ष डा.भोगेन्द्र झाले कतिपय स्वास्थ्यका सूचकमा प्रदेशमा थप कामकाज गर्न आवश्यक भएको बताउँदै गुणस्तरीय स्वास्थ्य सेवाविना अन्य क्षेत्रको विकास कठिन हुने बताए ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अतिरिक्त सचिव डा.सङ्गीता कौशल मिश्रले स्वास्थ्य क्षेत्रको सुधारका लागि कुनै एक पक्षको प्रयासले नपुग्ने बताउँदै सबैको साथ एवं सहयोग आवश्यक भएको बताइन् ।

मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति डा.रामकेवल साहले मधेस प्रदेशको समग्र स्वास्थ्य अवस्थामा सुधार गर्नका लागि प्रतिष्ठानले स्वास्थ्य शिक्षा तथा अनुसन्धानमा जोड दिएको बताए ।

मधेस प्रदेशका स्वास्थ्य निर्देशक विजयकुमार झाले प्रदेशको समग्र स्वास्थ्यको अवस्थाका विषयमा प्रकाश पार्दै वार्षिक समीक्षामा आएका विषयवस्तु मन्त्रालयले सम्बोधन गर्नका लागि कन्जुस्याइँ गरिरहेको बताए ।

महोत्तरीका एकडारा गाउँपालिकाका अध्यक्ष दिपनारायण मण्डल, धनुषाको लक्ष्मीनिया गाउँपालिकाका अध्यक्ष भोगेन्द्र मिश्र, मधेस प्रदेशका सामाजिक विकास मन्त्रालयका सचिव लक्ष्मीप्रसाद भट्टराई, युएनएफपिएका प्रदेश प्रमुख डा.नरेन्द्र मिश्र, गजेन्द्रनारायण सिंह सगरमाथा अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा.प्रकाश साह, प्रादेशिक प्रयोगशाला जनकपुरधामका निर्देशक डा.श्रवणकुमार मिश्र, मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठानका निर्देशक डा.प्रमोदकुमार यादवसहितका वक्ताले सो अवसरमा बोलेका थिए ।

तीन दिनसम्म चल्ने वार्षिक समीक्षामा प्रदेशभित्र रहेका सम्पूर्ण स्वास्थ्य संस्थाको अवस्था, यसले प्रदान गरेको स्वास्थ्य सेवा, भविष्यमा गर्नुपर्ने सुधारका पक्षका विषयमा गहन छलफल तथा समीक्षा हुने जनाइएको छ ।

# वडा कार्यालय र आधारभूत स्वास्थ्य सेवाको आफ्नै वन

**कावासोती/मस–** पूर्वी नवलपरासीको कावासोती नगरपालिका-११ ले आफ्नै कार्यालयबाट सेवा दिन शुरु गरेको छ । कावासोती नगरपालिकाको नगरस्तरीय योजनाअन्तर्गत ६१ लाखको योजनामा भवन निर्माण सम्पन्न भएसँगै वडा कार्यालय आफ्नै भवनबाट सञ्चालनमा आएको हो ।

कावासोती नगरपालिकाका नगरप्रमुख विष्णुप्रसाद भुसालले वडा कार्यालयको उद्घाटन गरेसँगै वडा कार्यालयबाट सेवा दिन सुरु गरिएको वडाध्यक्ष शारदाप्रसाद अधिकारीले बताए । चितवन रत्ननगरका डिल्ली राम आचार्य र दाजुभाईले नि:शुल्क प्रदान गरेको करिब तीन कट्ठा जग्गामा वडा कार्यालय भवनको निमार्ण भएको अधिकारीले बताए ।

वडा कार्यालयसँगै वडामा निर्माण भएको आधारभूत स्वास्थ्य सेवा केन्द्रले बिहीबार आफ्नै भवनबाट सेवा दिन शुरु गरेको अध्यक्ष अधिकारीले बताए । पूर्वी नवलपरासी गैडाकोटका केशव सापकेटाले निशुल्क प्रदान गरेको जग्गामा नगरपालिकाको रु २४ लाख ५० हजार लागतमा आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण भएको हो । वडामा यसअघि वडा कार्यालय र आधारभूत स्वास्थ्य सेवा केन्द्र भाडाको घरमा सञ्चालनमा थिए ।

# बेसिशहर–चामे सडक पूर्णरुपमा सञ्चालन

**लमजुङ/मस–** पहिरोले अवरुद्ध लमजुङ मनाङ जोड्ने बेसिशहर चामे सडक पूर्णरुपमा सञ्चालनमा आएको छ । अविरल वर्षासँगै आएको बाढी पहिराले गत २० गतेदेखि यस सडकको विभिन्न स्थानमा पहिरो गई सडक अवरुद्ध बनाएसँगै अवरुद्ध हुँदै आएको यस सडक बिहीबारदेखि सञ्चालनमा आएको डुम्रे बेसिशहर चामे सडक योजना कार्यालयका सवइन्जिनियर सुमन अधिकारीले बताए ।

यस सडक ६५ किलोमिटरको दुरी रहेको छ । सडक अवरुद्ध हुँदा दसैं मनाउने र दसैं मनाएर फर्किनेलाई समस्या हुँदै आएको थियो ।

## भूल सुधार

मिति २०७९/०६/२६ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित कम्पनी : **Shaima Hamad Abdul Rahman Al Wahamid Transportation**, **पूर्व स्वीकृत मिति: २०७९/०६/२६**, चलानी नं. **६०१८९११७** र L.T. No.: **273707** को विज्ञापनमा **Saudi Arabia** मा रोजगार शिर्षक हुनु पर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

**बेबी एन्जल इन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत नं. ५८०/०७५/०७६ Airport ( near prakash sanyash ashram) Kathmandu, Tel : 4461353, 446117
Email: babyangelintl@gmail.com, info@babyangelintl.com.np, Website: www.babyangelintl.com.np

## UAE को प्रतिष्ठित कम्पनीमा PSBD र DPS Security Guard हरूको आबश्यकता

कम्पनी: **Star Security Services LLC** शहर: **DUBAI**
पूर्व स्वीकृत मिति: २०७८/०९/०५ चलानी नं.: ६०१७०८९५ L.T. No.: 254353 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard (PSBD) | 300 | 0 | सम्बन्धित काममा दक्ष | 2000 | ६५,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Security Guard (SIRA) | 117 | 41 | | 1200 | ३९,१९२ | | | | | | | |

PSBD को Basic Salary AED 2000 र Other Allowance AED 770 सहित AED 2770 हुनेछ ।
DPS को Basic Salary AED 1200 र Other Allowance र OT AED 1280 सहित AED 2480 हुनेछ ।

★ कम्तीमा SLC पास साथै English भाषा राम्रो सँग लेख्न, बोल्न र पढ्न सक्ने हुनुपर्नेछ ।
★ उमेर २२ बर्ष देखि ३८ बर्ष ननाघेको र उचाई ५ फिट ५ ईन्च भन्दा माथि हुनुपर्नेछ ।
★ Civil, Ex-Army, Police मा कम्तीमा ३ वर्षको अनुभव भएकाहरुलाई विशेष ग्राह्यता दिइनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | नि:शुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ कार्तिक ४ गते (21 October 2022) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**STARIS HR SERVICES PVT. LTD.**
श्रम इजाजत नं. १३२४/०७४/०७५
Basundhara, Kathmandu, Tel.: 01-5910250, 4370973, 4370762
Mobile: 9851336470

## कुवेतमा रोजगारको अवसर

१. कम्पनी: THE ONLY SECRET BEAUTY SALON FOR LADIES & INSTITUTE CO. शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०७९/०६/२७ चलानी नं.: ६०१८९१६५ LT. No.:273446

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Nail Technician | 0 | 4 | स. काममा दक्ष | 150 | ६३,५०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: Wael Al- Nusif Trading & Co.WLL शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०७९/०६/२७ चलानी नं.: ६०१८९२४६ LT. No.:273780

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | cleaner | 0 | 200 | स. काममा दक्ष | 85 | ३५,९८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी: ONLY & SOLELY BEAUTY SALON शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०७९/०६/२७ चलानी नं.: ६०१८९२५० LT. No.:273782

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | salon workers | 0 | 2 | स. काममा दक्ष | 130 | ५५,०३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी: BLANC RETAIL COMPANY FOR FLOWERS शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०७९/०६/२७ चलानी नं.: ६०१८९२५२ LT. No.: 273784

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Florist | 2 | 0 | स. काममा दक्ष | 150 | ६३,५०४ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |
| 2. | Helper | 1 | 0 | | 100 | ४२,३३६ | | | | | | | |

५. कम्पनी: AGAM GROUP LTD CO WLL शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०७९/०६/२७ चलानी नं.: ६०१८९२४७ LT. No.: 273781

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | SCAFFOLDER | 25 | 2 | स. काममा दक्ष | 120 | ५०,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ कातिक ४ गते (21 October 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**निलकमल ह्युमन रिसोर्स प्रा. लि.**
Gov. lic. No. 793/065/66
सिनामंगल-९, एयरपोर्ट (शम्भुमार्ग रोड नं. ४) काठमाडौं नेपाल
फोन: ४११२७१३, ४११२७१४, मो.: 9818394474, 9802099411
Email: documentation@neelkamalnepal.com, Web.: neelkamalnepal.com

## Invitation for Bids

### *Dharan Sub Metropolitan City*
### *Office of Municipal Executive*

**Invitation for Bids No:05/DHARAN/WORKS/NCB/079/80**
**Date of publication: 14-10-2022**

1. Dharan Sub Metropolitan City has allocated funds towards the cost of Construction of Ward Office Building,Dharan-12 and intends to apply part of the funds to cover eligible payments under the Contract for 05/DHARAN/WORKS/NCB/079/80. Bidding is open to all eligible as per Section V of bidding document.
2. Dharan Sub Metropolitan City invites electronic bids from eligible bidders for the Construction of Ward Office Building, Dharan-12 under National Competitive Bidding–Single Stage Two Envelope Bidding procedures.
   Only eligible bidders with the following key qualifications should participate in this bidding:
   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: NRS 30 MILLION
   - Minimum Work experience of similar size and nature: 1 number of Building project and value of NRS 8 MILLION.
3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at PPMO e-GP system www.bolpatra.gov.np/egp.

## उर्लाबारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**उर्लाबारी, मोरङ**
**१ नं प्रदेश, नेपाल**

### शिलबन्दी बोलपत्र स्कीकृत गरिने आशयको सूचना

**(प्रकाशित मिति: २०७९/०६/२८)**

यस कार्यालयबाट मिति २०७९/०५/०९ गते प्रथम पटक इ विड मार्फत प्रकाशित शिलबन्दी बोलपत्र आह्वानको सूचना ठेक्का नं. जिन्सी ०१/०७९/०८० अन्तर्गत मशलन्द तथा स्टेशनरी सप्लाई गर्न रितपूर्वक कार्यालयमा दाखिला हुन आएको जम्मा- ५ (पाँच) थान शिलबन्दी दरभाउपत्रहरु मध्ये निम्न शिलबन्दी बोलपत्र साभुतरुपमा प्रभावग्राही र न्यून मूल्यांकित रहेको पाइएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) अनुसार शिलबन्दी बोलपत्र स्वीकृतिको लागि छनोट गर्ने आशयको सूचना सम्बन्धित बोलपत्रदाताको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि.नं. | ठेक्का नं | कामको विवरण | छनोट भएको प्रस्तावदाताको नाम र ठेगाना | कबोल अंक |
|---|---|---|---|---|
| ०१ | जिन्सी ०१/२०७९/०८० | मशलन्द तथा स्टेशनरी सामग्रीहरु सप्लाई सम्बन्धी | श्री बजरंगवली सप्लायर्स विराटनगर मोरङ | १३,७१,४५८।४० (अक्षेरेपी रु. तेह्र लाख एकहत्तर हजार चार सय अन्ठाउन्न रुपैयाँ चालिस पैसा मात्र) |

**(अग्नि प्रसाद अधिकारी)**
**प्रमुख प्रशासकीय अधिकृत**

## मलेसियामा रोजगार

कम्पनी: MAGNUS FORCE SDN BHD शहर: MALAYSIA
पूर्व स्वीकृत मिति: २०७९/०६/२७ चलानी नं.: ६०१८९२४४ LT. No.: 272742

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 58 | 0 | स. काममा दक्ष | 1500 | ४२,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ कार्तिक ३ गते (20 Oct. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रु. ७००/– रोजगार दाताले | रु. १,५००/– रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Al Haya H.R. Solution Pvt. Ltd.**
AL HAYA H.R. SOLUTION PVT. LTD. Gov. Lic No. 1092/073/074
P.O.Box: 19232, Shantinagar-34, Kathmandu, Tel: 01-4620879
Mob.: 9813590560,. Email: alhaya.md@gmail.com, Web.: www.alhayahr.com

## साइप्रसमा रोजगार | कम्पनी : NEPTUNE RECRUITMENT

पूर्व स्वीकृत मिति: २०७८/११/२० चलानी नं.: ६०१४६७५३ LT. No.: 259047 पुनविज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker | 0 | 3 | स. काममा दक्ष | 314 | ४०,०९७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | रु. १०,०००/– कामदारले तिर्ने |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ कातिक ४ गते (21 October 2012) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**अग्नि ओभरसिज प्रा. लि.**
श्रम ईजाजत नं.: ९५९/०६७/०६८
सामाखुसी–२६, टाउन प्लानिङ्ग, काठमाडौं, फोन नं. ०१–४९५०३८९, मो.: ९८४१५८८०४७

## MALAYSIA मा रोजगार

कम्पनी: ES FURNITURE MALAYSIA SDN BHD. शहर: Malaysia
पूर्व स्वीकृत मिति: २०७९/०३/१८ चलानी नं.: ६०१८२७०३ LT. No.:266779 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Workers | 25 | 0 | स. काममा दक्ष | 1500 | ४२,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ कार्तिक ४ गते (21 October 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रु. १,५००/– कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**अल मून ओभरसिज प्रा. लि.**
श्रम इजाजत नं. ९९२/०६८/०६९
बसुन्धरा–०९, धापासी, काठमाडौं, नेपाल, फोन: ०१–४९८९७१८

## मलेशियामा रोजगार

१. कम्पनी: SAN SENG LEE (MERSING) SDN BHD शहर: Malaysia,jalan
पूर्व स्वीकृत मिति: २०७९/०५/२० चलानी नं.: ६०१८६९४३ L.T. No.: 270803 पुनविज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 10 | 0 | स. काममा दक्ष | 1500 | ४२,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी: FELCRA JAYAPUTRA SDN BHD शहर: Malaysia
पूर्व स्वीकृत मिति: २०७९/०४/२३ चलानी नं.: ६०१८४८४८ L.T. No.: 268876 पुनविज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Production Operator | 21 | 0 | स. काममा दक्ष | 1500 | ४३,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ कातिक ४ गते (21 October 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**रोयल इन्टरनेशनल ओभरसिज प्रा. लि.**
सामाखुसी-२९, काठमाडौं, श्रम ईजाजत नं. : १०३४/०७२/०७३
(रोयल वर्कफोर्स रिक्रुटिङ्ग कम्पनी प्रा.लि.)
Tel: 4385294, 4385295, 9801255512 | Email: info.royal1034@Gmail.com

## मलेसियामा रोजगार

कम्पनी : DYNAPHARM (M) SDN BHD शहर : Malaysia,PULAU PINANG
पूर्व स्वीकृत मिति: २०७९/०३/०९ चलानी नं.: ६०१८१६०२ LT. No.: 265464 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Operator | 20 | 0 | स. काममा दक्ष | 1500 | ४२,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ कातिक ४ गते (21 October 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**क्याराभान इम्प्लोइमेन्ट सर्भिसेस प्रा. लि.**
श्रम इजाजत नं. ३६३/०५९/०६०
बसुन्धारा, काठमाडौं, फोन: ०१-४०१६९९१, ४०१६९९२
E-mail: caravanwithyou@gmail.com| Website: www.caravannepal.com

## साउदीमा रोजगार

कम्पनी: AL-OTHMAN AGRI. PROD. & PROC. CO (NADA) शहर: AL KHOBAR
पूर्व स्वीकृत मिति: २०७९/०१/१५ चलानी नं.: ६०१७८६८० LT. No.:262428 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agriculture Worker | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Dairy Product Sales | 25 | 0 | | 1500 | ४८,७८० | | | | | | | |
| 3. | General Labor | 11 | 0 | | 1000 | ३२,५२० | | | | | | | |
| 4. | Light Driver | 13 | 0 | | 1500 | ४८,७८० | | | | | | | |
| 5. | Loading And Unloading Labor | 10 | 0 | | 1000 | ३२,५२० | | | | | | | |
| 6. | Sales Assisstant | 5 | 0 | | 1000 | ३२,५२० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा २०७९ कार्तिक ४ गते (21 Oct. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**लक्की एच.आर. सोलुसन प्रा. लि.**
LUCKY H.R. Solution Pvt. Ltd. श्रम इजाजत नं. ८७५/०६६/०६७
जावलाखेल, ललितपुर, नेपाल, फोन: ५५२०५६२, ५५५०६३४, ५५५५१४४, ५५५५१८०
Email- info@merocvs.com / info@luckyhrsolution.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२८ असोज २०७९, शुक्रबार
14 October 2022, Friday

## सम्पादकीय

# लोकतन्त्रको सीमा

चुनावी गठबन्धन बदलिएको असर सरकारको कार्य सम्पादनमा परेको छ । जनता समाजवादी पार्टी (जसपा) ले नेकपा एमालेसँग चुनावी तालमेल गर्ने निर्णय गरेपछि प्रधानमन्त्री शेरबहादुर देउवाले चार मन्त्री बर्खास्त गरेका छन्  जसपाबाट मन्त्री बनेकाहरूलाई राजीनामा गर्न संकेत दिएका थिए । तर राजीनामा नगरेपछि प्रधानमन्त्री देउवाले संघीय मामला तथा सामान्य प्रशासन मन्त्री राजेन्द्र श्रेष्ठ, भौतिक पूर्वाधार मन्त्री मोहम्मद इस्तियाक राई, वन तथा बातावण मन्त्री प्रदीप यादव र कृषि तथा पशुपंक्षी मन्त्री मृगेन्द्रकुमार सिंहलाई बर्खास्त गरेका हुन् । चार मन्त्री बर्खास्त गरेपछि मन्त्रिपरिषद्का पाँच सदस्य रिक्त भएका छन् । यसअघि नै रक्षा मन्त्री थिएनन् भने कानून मन्त्री पनि गैरसांसद भएकै कारणले पदमुक्त भएका छन् । यसले ६ मन्त्रालयले विभागीय नेतृत्व गुमाए ।

प्रधानमन्त्री देउवाले जसपाका मन्त्रीहरू बर्खास्त भएपछि मधेश प्रदेशका मुख्यमन्त्री लालबाबु राउतले पनि त्यस्तै निर्णयको तयारी गरेका छन् । मुख्यमन्त्री राउतले नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीका मन्त्रीहरूलाई बर्खास्त गर्ने तयारी गरेका हुन् । गएको वर्ष सत्ता समीकरण बदलिएसँगै यी दलका नेताहरूलाई मुख्यमन्त्री राउतले मन्त्री नियुक्त गरेका थिए । त्यसअघि लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) तर्फका नेताहरू मन्त्री थिए । अब मधेश प्रदेशमा जसपाको मात्रै सरकार बन्न पुगेको छ । यसले त्यहाँको कार्य सम्पादनमा असर पर्ने देखिन्छ । जसरी संघीय सरकारको कार्य सम्पादनमा असर देखिदैछ । यसको कारण भने जसपाले सत्ता गठबन्धन छोडेर एमालेसँग तालमेल गर्नु हो ।

चुनावी सरकार नै प्रभावित हुनुको कारण आगामी चुनावको प्रतिशर्पर्धासँग जोडिएको छ । जबकी चुनाव लोकतन्त्रमा नियमित प्रक्रिया मात्रै हो । चुनाव पछि आउने जनादेश र सरकार नयाँ बन्नेछ । त्यसैले यो छोटो अवधिका निम्ति सत्ता समीकरण बदलिरहन आवश्यक देखिन्न । त्यसोत चुनाव जित्नकै निम्ति गैरलोकतान्त्रिक लगातार गैरलोकतान्त्रिक अभ्यास हुँदै आएको छ । दलको विचारधाराप्रति पूर्ण बेवास्ता गर्दै चुनावी तालमेल भइसकेको छ । चुनाव जित्नकै निम्ति वर्षौंसम्म पार्टीमा योगदान गरेकालाई नभएर नवप्रवेशीलाई टिकट दिइएको छ । २०४८ सालदेखि नै चुनाव लड्दै आएका नेताहरूको सिण्डिकेटका कारण नयाँले अवसर पाउन सकेका छैनन् । अर्कातिर मतदाताले पनि जनप्रतिनिधि चुन्न सीमित विकल्प रहेको सन्देश गएको छ । मतदाताले मन पराएकाको उम्मेद्वार नै प्रतिशर्पर्धामा नरहने परिस्थिति बन्न पुगेको छ । यी सबै दृष्यले लोकतन्त्रलाई खुम्च्याउन बल पुग्छ । जबकी हामीले लोकतन्त्रलाई बलियो बनाउन र सुदृढ गर्न जरूरी छ ।

# कोरोनाले सिकाएको पाठ

*कोरोना कालले हाम्रा पूर्वाधारमाथि गम्भीर प्रश्न उठायो । अक्सिजन नपाएर मृत्युवरण गर्नुपर्ने समस्याको समाधान खोज्यो । तर, त्यो संकटलाई हामीले आज बिर्सिसकेका छौं । हामीले त्यसबाट पाठ सिक्न सकेका छैनौं ।*

अग्रलेख




● खिमराज गिरी

कोरोना भाइरस विरुद्धको लडाइँमा एउटा सीमित बन्द कोठामा कठिनाइका साथ बाँच्न बाध्य भएका ती दिनहरु सम्झना आइरहन्छ । नेपाली मात्र नभई कयौं देशका मानिसहरु बन्द कोठामा कैदी भएर बस्नुपरेको अवस्था थियो । तैपनि, संसार एकदमै साँघुरिएको अवस्थामा झ्यालबाट बाहिर हेर्दा निलो आकाश, गगनचुम्बी पहाड, हरियाली जंगल, रोडमा मडारीरहेका पशुपंक्षी, जीव-जन्तुहरु र प्रायजसो देखिने दृश्यहरुको चित्कार र कुण्ठाका ती संवेदनाहरु मनमष्तिष्कमा मडारिइरहन्थे । मानवीय संवेदनशीलता र उदासीएका ती भावुक मनहरुको रुवाबासी मनले चाहेर पनि हेर्न सकिँदैनथ्यो । उक्त भाइरसले कतिका काख रित्तिए, कतिका सिन्दुर पुछिए, कतिका बालबालिका टुहुरा भए ! कयौं मानिस आजसम्म अस्पतालको बेडमा मृत्युको पर्खाइमा टड्पेर बाँच्न विवश छन् । कतिले जीवनको अन्तिम घडिमा एक चम्चा पानी पनि नपाई देह त्याग गरेका थिए । कतिका आफन्तले मृत शरीरसमेत हेर्न नपाई जीवन लिला समाप्त गरे र ठूला-ठूला ट्रकका ट्रक सामान ओसारेजस्तो मानवीय लासहरु कालो प्लाष्टिकको बोरामा गुट्मुट्याएर लगिन्थ्यो र एकै पटक ती वेवारिसे लासहरुलाई कहीँ कतै खाल्डोमा खन्याइएको त्यो दृश्यले जो कोहीको मन किन नअलापियोस् ! सबैका एकै चिहान ! कतिखेर के हुने हो थाह थिएन ! दिनहुँ उही दृश्यहरु दोहोरिरहँदा मनमा अनेक तर्कनाहरु खेलेर हरेक पल मातृभूमिको याद आइरहन्थ्यो ! कोरोनाको कारणले कति नेपाली दिदीबहिनी तथा दाजुभाइहरुको ज्यान गइसकेको थियो ।

न्युयोर्क शहरमा बस्ने अनिल लिम्बू र उनका परिवार, काठमाडौंका अजयमान छौंजू, जोमसोमका सोनाम र पोखराका थोक्ने विष्टको व्यथा पनि कम कारुणिक थिएन । यस्तै, युरोप र एशियन मुलुकमा बस्ने कयौं नेपालीहरु मृत्युको मुखमा पुग्न बाध्य भएका थिए । बिरामीको लागि परिवार, डाक्टर तथा नर्सको निगरानी अत्यावश्यक कुरा थियो तर, विदेशमा गएका कयौं मानिसहरु जसले सम्बन्धित देशको नागरिकता प्राप्त गरेर त्यहाँको अर्थतन्त्रलाई मजबुत बनाउन सहयोग गरेता पनि तेश्रो दर्जाको नागरिक भएको आभास हुन्थ्यो । एकातिर अनेकौं पीडाले आफ्नै मन सम्हालिन धेरै असहज थियो भने अर्कोतर्फ देशको अवस्थाको चिन्ताले सताउँथ्यो । आफ्नो परिवारको पीडाको त के बयान गर्न सकिन्थ्यो र ! केही सामाजिक अभियन्ताहरु तथा बुद्धिजिवीहरु सरकारलाई सहयोग गर्नुको सट्टा पैसाको हिसाब किताबका पानाहरु पल्टाएर बस्दथे । सत्तामा बस्नेहरुले पनि आफ्नो विवेक र नैतिकतालाई बन्दकीमा राखी गरिएको सम्झौताले आफुलाई मात्रै होइन आफ्ना सारा सन्ततीहरुलाई भविश्यमा के-कस्तो असर पर्ला भन्ने कुराको पनि हेक्का राख्नु जरुरी थियो तर, त्यसो भएन ।

ज्ञान हाँसेर मरेपनि विज्ञान रोएर मर्दछ भन्ने युक्ति कोरोनाले विज्ञानलाई दिएको चुनौतीले सावित गरेको थियो । प्रत्येक मानवको पाइला चेतावनीको भाषामा कोरिएको लक्ष्मण रेखाभित्र सीमित भएर बस्नुको विकल्प थिएन । यो भाइरसले निलेका लासहरुको माझमा जिउँदा मानिसहरुको दर्दनाक पीडा त्यतिकै भावुक देखिन्थे । संसारमा गरिब राष्ट्रको भलो चिताउने देशहरु अमेरिका, अष्ट्रेलिया, क्यानडा, बेलायत, जर्मन, फ्रान्स आदि छन् र पनि सबैको आँखाको नानी बनेको अमेरिकाको न्युयोर्कमा पनि मानवता हराएको थियो । कतै यी ठूला शक्ति राष्ट्रहरुको होडबाजी र घमण्डले गर्दा नेपालको भविष्य पनि अन्धकार हुने त होइन भन्ने लाग्दथ्यो । यसरी विकसित मुलुकका शहरहरुका सडकहरु सुन्यतामा बिलाएका थिए र सम्झिन्थे, कतै आप्रवासीहरुको दुःखान्त कथा व्यथाहरु यी राष्ट्रहरुका विभेदपूर्ण व्यवहारले बिलाएर जाने त होइनन् ? तैपनि, नेपालीहरु प्रायः सुरक्षित नै थिए । लकडाउनको सिद्धान्त सम्बन्धित राष्ट्रले नसिकाए पनि नेपालले सिकाएको थियो । विश्व हाँक्ने पुँजीवादी राष्ट्रका हुँकार त्यतिखेर निदाएको थियो । उनीहरुको मुहारमा मुस्कानका



*अब देशको बागडोर पुराना रुखका छहारीमा भर नपरी युवाहरुको हातमा जान दिनुपर्दछ । सिर्जनशील युवाबाट मात्रै जनताले चाहे जस्तो व्यवस्था आउन सक्छ । कोरोनाले आज हामीलाई सिकाएको पाठ पनि त्यही हो । हामीमा भएको अहम्ता, द्वेष, रिस र राग त्यागी हरेक नेपालीले विकास र समृद्धिबारे सोच्ने समय आएको छ ।*

रेखाहरु कोरिएका थिएनन् न त प्रत्येक मानिसहरुको बुद्धि विवेकले काम गर्दथ्यो । बरु त्यतिखेर उनीहरु युद्धमा हारेका सिपाहीजस्ता भएर टोलाईरहेका थिए । प्रजातन्त्र र मानवधिकारका कुराहरु सिद्धान्तमा मात्र रटेर नहुँदो रहेछ । यसको लागि व्यवहारिक ज्ञान पनि जरुरी भएको कुरा आज पुँजीवादी राष्ट्रहरुले महसुस गरेको अवस्था छ । शुरुका दिनहरुमा चिनियाँ भाइरस भनेर धज्जी उडाइयो र जनतालाई अनुशासनको पाठ र सजग रहनेबारेमा न युरोपियन मुलुकहरुले सिकाए न त अमेरिकाले नै । बरु नेपालीले सिके कि, पसिना बगाएको काम र आफैंले पकाएको मामको महत्व अनि अरुको लाखभन्दा आमाको काख नै प्यारो हुने कुरा पनि कहिल्यै भुल्न नहुने रहेछ ।

जीवन रहे भोलिका दिनहरुमा नेपाल फर्कि नेपाली भूमिमा खनि खोस्री लोकल दालको रससँग ढिँडो र गुन्द्रुक खाउँला, रमाउँला ती आफ्नै डाँडा पाखाहरुमा । तर, यो परदेशी जीवनको कहाली लाग्दो बादलमा जीउनुको कुनै अर्थ रहेनछ भन्ने अनुभव गरिन्थ्यो ! त्यो दर्दनाक स्थिति देख्दा नेपाल आमालाई सम्झिरहेका थियौं हामी सारा आप्रवासी नेपालीहरुले र प्रण पनि गरेका थियौं कि, कोरोना भाइरसको पञ्जाबाट उम्किएपश्चात् जसरी पनि आफ्नो मातृभूमि फिर्ता हुनेछौ र आफ्नै देशमा आधुनिक कृषि प्रणालीमा उन्नत जातका अन्नबालीहरु उब्जाएर परनिर्भरताबाट देशलाई काँचुली फेराई संघर्षका पाइलाहरु र यी दश नंग्राहरु नेपाल आमाको काखमा नै खियाउँला । हामी सम्झिरहन्थ्यौं, ती जल, जमिन, जङ्गल, जनावर, जडिबुटीहरु । हाम्रै यी प्राकृतिक स्रोत र साधनको प्रयोगले आज ती छिमेकी देशहरु कहाँ पुगे तर, हामी आफ्नै धरतीमा उब्जिएका यी चिजहरुलाई चाल्नाले फालेको भुसको ओइरो सम्झि बसिरहेका रहेछौं । असफल नेतृत्वको निर्णयले नै कौडीको भाउमा विदेशीलाई कच्चा पदार्थ दिन्छन् । तर, उत्पादित तयारी सामान हामी आफैँले महँगो मूल्य तिरेर किन्न बाध्य हुन्छौं । किनकी, हाम्रा पौरखी युवा वर्गका जाँगरिला हातहरु विदेशको भूमिमा कौडीका भाउमा बिक्री भइरहेका छन् । नेपालमा भने उर्वराभूमि बाँझै छन् । असंख्य नदी नाला, ताल तलैयाको पानी खेर गइरहेको छ । कयौं वनजङ्गलका जडिबुटीहरु तस्करहरुको पञ्जामा परेका छन् । खानीहरुको अनुसन्धान विभाग त छ तर, अनुसन्धान शून्य । नेतृत्व कयौं फेरिए, जनताको दैनन्दिनी कहिल्यै फेरिएन । व्यवस्था कयौं पटक फेरियो, जनताको अवस्था कहिल्यै फेरिएन । पात्रहरु नेतृत्वमा कति आए, सबैको प्रवृत्ति कमाउनमै व्यस्त । सर्वसाधारण जनताको जीवन फेरिने कहिले ? परदेशीने रहरले अर्काको देशमा गुलामी बन्दा उनीहरुको जर्जर भएको मरुभूमिलाई हराभरा बनाउनमा बित्यो जिन्दगी तर, त्यो विपत्को स्थितिमा हामी त दोश्रो दर्जाको नागरिक पो रहेछौं भन्ने महसुस भयो । नेपालजस्तो सुन्दर देशमा आज राजनैतिक स्थायित्व भएता पनि शक्ति संघर्षको खेलले सत्ताको दाउपेचमा मुलुकलाई नै बन्दकी राखे जस्तो भएको छ । सत्तामा बस्ने होस् या प्रतिपक्ष, मानवधिकारवादी होस् या बुद्धिजीवी, दल, संघ र संगठनहरु कुर्ची र धनको लोभमा कुँदिराखेको देखिन्छन् ।

स्वर्गीय कांग्रेस नेता प्रदिप गिरीले भन्नुभएजस्तै "परिवर्तनका कारण एक दल या व्यक्तिबाट अर्कोमा सत्ताको हस्तान्तरण त भयो तर, राज्यको रूपान्तरण भएन ।" सत्तापक्षले राम्रो गर्दै गर्दा विपक्षीहरुलाई काँडासरी, विपक्षीहरुले राम्रो सुझाव दिँदा सत्तापक्षको टाउको दुख्ने । यस्तो प्रचलनले गर्दा नेपालको विकास हुन नसकेको हो । संसारको अग्लो चुचुरो हामीमा छ । कयौं हिमाल, पहाड, वनजङ्गलहरु, तालतलैया, उपत्यका, तराईका फाँट, विभिन्न खानीहरु आदि हुँदा हुँदै पनि हाम्रो परिश्रम नगर्ने बानीले बिग्रिएका रहेछौं । नेपाली धरतीमा जन्मेका वैज्ञानिकहरुले अमेरिकामा प्लेन बनाए, गेहेन्द्र शमशेरको पालामा बनेको नयाँ प्रविधिको स्वचालित पेस्तोल देखेर जर्मन त्यतिखेर दङ्ग परेको थियो र तिनीहरुले हाम्रै प्रविधि चोरेर कहाँ पुगे तर, हामी आज गोली माग्न लक्जेम्बर्ग पुग्छौं । हाम्रा शासकवर्ग भने कमिसन लोभले उद्योगहरु समेत बेच्न पछि परेनन् । अरनीको कलाकारीताबाट प्रभावित भएर आज चीन कहाँ पुग्यो तर, हामी भने कृषिमा क्रान्तिका कुरा गर्छौं अनि बारी जोत्न प्रयोग गर्छौं उही ठुटे हलो । राजनीतिमा स्वच्छन्दता र नैतिकताको कुरा गर्छौं तर, सत्तामा पुगेपछि सात पुस्तालाई कमाउनतिर लाग्छौं । धार्मिक मान्यताका कुरा गर्छौं तर, धर्मको नाममा मानवको मूल्यलाई बिर्सीएर धनको प्रलोभनमा अनेक धर्म र संस्कारको पछि कुध्छौं । जातीय समानताको कुरा गर्छौं तर, समाज छुवाछुतबाट अझै चोखिन सकेको छैन । भष्ट्राचारमा शून्य सहनशिलताको कुरा गर्छौं तर, सबैभन्दा भ्रष्ट मुलुकका नागरिक भनेर चिनिनु परेको छ । तसर्थ, अब देशको बागडोर पुराना रुखका छहारीमा भर नपरी युवाहरुको हातमा जान पर्दछ । कोरोनाले आज हामीलाई सिकाएको पाठ पनि त्यही हो । हामीमा भएको अहम्ता, द्वेष, रिस र राग त्यागी हरेक नेपालीले विकास र समृद्धिबारे सोच्ने समय आएको छ । सन् १९४५ मा जापानलाई आर्थिक सहयोग दिएको नेपालले आज संसारसँग भीख माग्दै हिँड्ने अवस्था किन आइपरेको छ त ? यसको गहिरो अध्ययन जरुरी छ । अबको प्रदेश र संघको चुनावमा हामीले कस्तालाई शासक छान्ने हो, सोच्ने समय आएकोले कसैको बहकाउ तथा मनी र मसलमा नफँसी आफ्नो विवेक प्रयोग गरेर विकासप्रेमी नेता रोजौं । सबैमा शुभकामना !

## सामाजिक सञ्जाल



- मधु आचार्य

अहिलेको चुनावी अभियानमा निर्विरोध निर्वाचित को भयो ? शेरबहादुर भए ? भएनन् । प्रचण्ड भए ? भएनन् । केपी ओली भए ? भएनन् । को भयो त ? दीपक मनाङ्गे भए । अहिले दलहरूले च्यापेको राजनीतिक प्रवृत्तिले दिने नतिजा यस्तै हो ।



- सुनिल चाम्लिङ

कम्युनिष्टले जिते भने रून पाइँदैन भन्ने नेपाली कांग्रेसका सभापति ज्युले माओवादी केन्द्रसँग मिलेर जिते के–के गर्न पाइन्छ होला ? नपाउने के–के होला ? जनता बुझ्दैनन् जे भने पनि हुन्छ भन्ने नेताको बुझाई कतिपय अवस्थामा अनुमोदन भएको हो कि जस्तो पनि भान हुन्छ ।



- टेक नारायण पौडेल

मेयर जस्तो कार्यकारी पद होइन सांसद, नेपालको झन्डा ओढेर बालेन स्टाइलको स्वतन्त्रको भुत चढेर न बहुमत आउँछ, एउटा दुईटा सिट ल्याएर के गर्नु ? दिपक मनाङ्गेले गण्डकी प्रदेशमा झैं अस्थिर सरकार बनाइदिन्छन्, अनि कहिल्यै विकास हुँदैन । भोट खेर नफालि निश्चित दललाई बहुमतको पाँच वर्ष सरकार चलाउन दिऊँ ।



- डा. गोपी कुमार खनाल

असुरक्षित–छरिएका बस्ती हाम्रो विकासको सबैभन्दा ठूलो चुनौती बनेको छ । राष्ट्रिय योजना आयोगले खानी तथा भू–गर्भ विभागसँगको सहकार्यमा सुरक्षित स्थान पहिचान गरी एकीकृत बस्तीको खाका बनाउन सके प्रदेश तथा स्थानीय तहले कार्यान्वयन गर्ने थिए । यसले राष्ट्रिय योजना आयोगको भूमिका पनि बढाउने थियो ।



- सुरेश खड्का

देशलाई अहिले चाहिएको युवा नेतृत्व हो, नयाँ जोश्, नयाँ जाँगर हो । बुढा पुस्ता हिजो पनि फेल थिए, आज पनि फेल छन् र भोलि पनि फेल नै हुनेछन् । ८० प्रतिशतभन्दा माथिका नेताहरू त औषधी कै भरमा बाचेका छन्, त्यो पनि राज्यकोसको ढुकुटीबाट !

# बाथरोगविरुद्ध सचेतना र सहकार्य

विचार



● प्रा. डा. बुद्धि पौड्याल

हाम्रो जस्तो विकासोन्मुख मुलुकमा मात्र नभएर विकसित मुलुकहरुमा समेत बाथरोगसम्बन्धी जनचेतना कम भएको पाइएको छ । अझ, हाम्रो समाजमा त यससम्बन्धी विभिन्न मिथ्या धारणाहरु विद्यमान छन् । धेरैजसो व्यक्तिहरुले 'बाथसम्बन्धी रोग बुढ्यौलीसँगै आउने रोग हो' भनेर बुझ्दछन् भने कसैले यसलाई 'निको नहुने रोग'को रूपमा लिएको पाइन्छ । बाथसम्बन्धी रोग लागेको शंका भएका व्यक्तिहरुले समयमै विशेषज्ञ चिकित्सकसँग परामर्श लिई समयमै औषधि उपचार गरेमा बाथरोगलाई नियन्त्रणमा राखि सामान्य जीवनयापन गर्न सकिन्छ' भन्ने कुरा अधिकांश व्यक्तिहरुलाई थाहा नै छैन । त्यसैले बाथरोगको रोकथाम, निदान, परामर्श र उपचारको लागि परिवार, समुदाय समाज र सरकारको सरोकारको साथसाथै पीडित व्यक्ति आफै पनि अझ बढी प्रोत्साहित र जिम्मेवार हुनुपर्दछ ।

सामान्य भाषामा बाथरोग (आरथ्राइटिस) भन्नाले शरीरका जोर्नी र यस वरपरका संरचनाहरु दुख्ने, सुन्निने र अर्रो भई राम्ररी चलमल गर्न नसक्ने अवस्था बुझिन्छ । हाम्रो समाजमा जोर्नी र जीउ दुख्ने समस्याको एक प्रमुख कारण बाथरोग र बाथजन्य स्वास्थ्य समस्याहरु हुन् । मानव शरीरमा हुनसक्ने सय भन्दा बढी किसिमका बाथरोगहरुमध्ये गठिया (र्युमटोइड आरथ्राइटिस); जोर्नी खिईने बाथ (ओस्टियो-आरथ्राइटिस); गाउट (युरिक एसिडको बाथ); ढाडको बाथ (स्पोंडिलो-आरथ्राइटिस); बाल्यावस्थामा हुने बाथ (जुभेनाईल आरथ्राइटिस); लुपस (सिस्टेमिक लुपस इरिदम्यटोसस); मांसपेशीहरु दुख्ने समस्या (र्युमटिज्म) तथा मुटुको बाथज्वरो प्रमुख हुन् । रोगको किसिम र प्रकृति हेरी बाथरोगको निदान, उपचार व्यवस्थापन र जटिलता पनि फरक फरक हुने गर्दछन् ।

बाथरोग किन र कसरी हुन्छ ? भन्ने कुरा पूर्णरूपमा यकिन नभईसके तापनि विभिन्न अध्ययनअनुसार वंशाणुगत र वातावरणीय कारणले यो रोग लाग्नमा भूमिका खेलेको पाइन्छ । वंशाणुगत कारणले एउटै परिवारका एक भन्दा बढी सदस्यहरुलाई यो रोग हुन सक्छ । त्यस्तै, अन्य विभिन्न कारणहरु जस्तैः धुमपान, मद्यपान, अस्वस्थकर खानपान, मोटोपन र शारीरिक व्यायामको कमीले रोग उब्जाउने तथा भएको रोगलाई बढाउन सक्ने कुरा विभिन्न अध्ययनहरुले देखाएका छन् । विभिन्न किसिमका संक्रमणले पनि बाथसम्बन्धी रोग निम्त्याउन सक्ने तथा भइराखेको बाथरोगको असरलाई बढाउन सक्ने भएकोले यसतर्फ पनि समयमै ध्यान दिनु जरुरी छ ।

*नेपालमा बाथरोगसम्बन्धी सेवाको सुरुवात प्रभावकारी ढंगले हुन सकेको छैन । यसको एक प्रमुख कारण देशमा बाथरोगसम्बन्धी विशेषज्ञ जनशक्तिको टड्कारो अभाव नै हो । त्यसमाथि बाथरोगको क्षेत्रमा राज्यको पहुँच नपुगेको तथा बाथरोगीको समस्याप्रति सरकारको ध्यानाकर्षण हुन नसकेको कुरा जग जाहेर नै छ ।*

बाथरोग जुनसुकै उमेर, लिङ्ग, पेशा र वर्गका मानिसलाई हुनसक्ने भए तापनि समग्रमा महिलामा यसको प्रभाव बढी देखिन्छ । विभिन्न अध्ययनअनुसार संयुक्त राज्य अमेरिकामा शारीरिक दुर्बलताको सबभन्दा प्रमुख कारण नै बाथरोग भएको पाइन्छ । नेपालमा बाथरोगसम्बन्धी यकिन आँकडा नभएतापनि अन्य देशको आँकडालाई आधार मान्दा कुल जनसंख्याको करिब १० प्रतिशत जतिलाई कुनै न कुनै किसिमको बाथरोग भएको छ भन्न सकिन्छ । त्यसैले हाम्रो मुलुकका लाखौं जनताहरु बाथरोग एवम् बाथजन्य स्वास्थ्य समस्या र यसबाट सिर्जित जटिलताहरुको परिणामस्वरूप कुँजिएर बस्न र निष्क्रिय एवम् पीडादायी जीवन व्यतित गर्न बाध्य भएको कुरा सहजै अनुमान गर्न सकिन्छ ।

विभिन्न अध्ययनअनुसार बाथका दुई तिहाई भन्दा बढी बिरामी ६० वर्षभन्दा कम उमेरका भएको देखिएको छ । जुन समूहलाई समाजमा अत्यन्त उत्पादनशील तथा उर्जाशील उमेर समूह मानिन्छ । अरु दीर्घ रोगले जस्तै बाथरोगले पनि बिरामीलाई शारीरिकरूपमा मात्रै नभई मानसिकरूपमा पनि कमजोर तुल्याउँछ, जसले गर्दा व्यक्ति तथा परिवारकै कार्यक्षमता र उत्पादनशिलतामा ह्रास आउँछ । परिवारको हेरविचार र रेखदेख गर्नंपर्ने बेलामा बिरामी आफै परनिर्भर बन्नुपर्ने अवस्था सृजना हुन्छ । वर्षौदेखिको रोगको असर, लगातारको दुखाई, लामो अवधिसम्म औषधी सेवन गर्नंपर्ने बाध्यता एवम् निरन्तर थपिने आर्थिक भारले बाथरोगका बिरामीलाई समय समयमा उर्जाहिन, थकित र बैरागी बनाउन सक्छ । त्यसमाथि 'ग्यारेन्टीका साथ रोग निको पारिदिने' नाममा खोलिएका फुटपाथे पसल, लेबलबिनाका औषधीहरुको बिगबिगी र मनपरी उपचारले हानिकारक असर पुर्‍याई कष्टमाथि कष्ट थपिदिन्छ । यस्ता शारीरिक र मानसिक असरबाट परै रहन बाथरोगका बिरामीहरुले एकापसमा आफ्नो रोगसम्बन्धी ज्ञान, अनुभव र सहयोग आदानप्रदान गर्ने, आफन्त तथा साथीभाइसँग आफ्नो समस्याबारे छलफल गरी आफूलाई हलुङ्गो बनाउन प्रयत्न गर्ने, अरुलाई ढाडस दिनुका साथै नियमित रूपमा शारीरिक व्यायाम र कसरत गर्ने गर्नंपर्दछ । यी सबैका लागि आफ्नो रोग र भविष्यप्रति सकारात्मक सोचको आवश्यकता पर्दछ । एक्लैले भन्दा समूहमा सँगसँगै काम गरेर यी सबै कार्यमा सफलता प्राप्त गर्न सहज हुन्छ ।

नेपालमा बाथरोगसम्बन्धी सेवाको सुरुवात प्रभावकारी ढंगले हुन सकेको छैन । यसको एक प्रमुख कारण देशमा बाथरोगसम्बन्धी विशेषज्ञ जनशक्तिको टड्कारो अभाव नै हो । त्यसमाथि बाथरोगको क्षेत्रमा राज्यको पहुँच नपुगेको तथा बाथरोगीको समस्याप्रति सरकारको ध्यानाकर्षण हुन नसकेको कुरा जग जाहेर नै छ । त्यसैले देशभित्रै लाखौंको संख्यामा रहेका बाथका बिरामीहरुको समयमै सही उपचार पाउनुपर्ने नैसर्गिक अधिकारलाई ख्याल गर्दै राज्यले जिम्मेवारीपूर्वक दायित्वबोध गरेर दक्ष जनशक्ति उत्पादन एवम् सरल र सहजरूपमा सेवाको सुरुवात एवम् सेवा विस्तारमा तत्कालै पहलकदमी लिनु अत्यन्तै जरुरी भैसकेको छ ।

*(वरिष्ठ बाथरोग विशेषज्ञ पौड्याल पाटन अस्पताल तथा आरोग्य स्वास्थ्य सदन, नेपाल बाथरोग उपचार केन्द्र, ललितपुरसँग सम्बद्ध छन् ।)*

# धादिङमा वडा तहबाटै राष्ट्रिय परिचयपत्र




**धादिङ/मस**–राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले धादिङका सबै नागरिकको राष्ट्रिय परिचयपत्र बनाउन वडा तहमै टोली खटाएर अभियान थाल्ने भएको छ ।

गल्छी गाउँपालिकाका वडाबाट अभियान शुरु गर्न लागिएको हो । पञ्जीकरण विभागबाटै खटिएका कर्मचारीको टोलीले जिल्लाका सबै वडामा पुगेर नागरिकको राष्ट्रिय परिचयपत्र फाराम भर्ने लक्ष्य लिएको छ ।


बिहीबार गल्छी बैरेनीमा जिल्लाका १३ वटै स्थानीय तहका प्रमुखको उपस्थितिमा यस्तो जानकारी दिइएको हो । शुक्रबारदेखि नै आवश्यक जनशक्ति परिचालन गरी क्रमशः जिल्लाका एक सय चार वटै वडामा पुगेर सबै नागरिकको राष्ट्रिय परिचयपत्र बनाउने तयारी थालिएको रहेको निर्देशक कृष्णप्रसाद पौडेलले बताए ।

विभागले अहिलेसम्म ३९ जिल्लामा अभियान पूरा गरेको । तेह्र जिल्लामा अहिले अभियान सञ्चालन भइरहेको छ । छापिएको कार्ड अब चाँडै वितरण गर्ने पनि विभागको लक्ष्य रहेको निर्देशक पौडेलको भनाइ छ । अभियान सञ्चालनपछि राष्ट्रिय परिचयपत्रका लागि जिल्ला प्रशासन कार्यालयमा रातभर लाइन बस्नुपर्ने समस्या समाधान हुनेछ । नागरिकता, राहदानी, जग्गा धनीपुर्जा, मतदाता परिचयपत्रलगायतका दुई दर्जन बढी परिचयपत्रको सरकारले एकीकृतरूपमा राष्ट्रिय परिचयपत्र वितरण गर्न थालेको हो ।

हरेक वडामा विभागले आवश्यक उपकरणसहित टोली परिचालन गर्ने र तोकिएको अवधिभित्रै प्रक्रिया पुगेका सबै नागरिकलाई राष्ट्रिय परिचयपत्र उपलब्ध गराउने तयारी भएको प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद लम्सालले जानकारी दिए । स्थानीय जनप्रतिनिधिले पनि अभियानमा पूर्ण साथ दिने प्रतिबद्धता जनाएका छन् ।

सरकारले पहिलो चरणमा राहदानी बनाउनका लागि राष्ट्रिय परिचयपत्र अनिवार्य गरेकाले जिल्ला प्रशासनमा भीड लाग्ने गरेको छ । तर आकस्मिकरूपमा परिचयपत्र चाहिनेका लागि सरकारले काठमाडौंमा पनि व्यवस्था गरेको छ । राष्ट्रिय परिचयपत्रमा नागरिकका सम्पूर्ण जैविक तथा वैयक्तिक विवरण सङ्कलन गर्नेछ ।

# सिञ्जाका तीन स्थानीय तह संकटग्रस्त क्षेत्र घोषणा गर्न माग



**कर्णाली/मस**- दशैंदेखि असोज २३ गतेसम्मको अविरल वर्षाका कारण आएको बाढी र पहिरोले क्षतिग्रस्त जुम्ला सिञ्जा क्षेत्रका तीन स्थानीय तहलाई सङ्कटग्रस्त क्षेत्र घोषणका लागि माग गरिएको छ । जिल्ला प्रशासन कार्यालय जुम्लामा बिहीबार बसेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकले सिञ्जा क्षेत्रका कनकासुन्दरी, हिमा र सिञ्जा गाउँपालिका सङ्कटग्रस्त क्षेत्र घोषणा गर्न नेपाल सरकार समक्ष माग गरेको छ । अविरल वर्षाका कारण ती स्थानीय तहमा जनधनको क्षति भएकाले सङ्घीय सरकारलाई राहत, उद्धार तथा पुनःस्थापनाका लागि अनुरोध गरिएको प्रमुख जिल्ला अधिकारी मुकेशकुमार केसरीले जानकारी दिए ।

